# आर्थिक वर्ष २०७६/०७७ को
# वजेट वक्तव्य

**पाँचौ गाउँ सभाको बैठकमा**
**उपाध्यक्ष विष्णु मायाँ आचार्य पौडेलले**
**प्रस्तुत गर्नुभएको**

## मादी गाउँपालिका
## गण्डकी प्रदेश, नेपाल
## २०७६ आषाढ १०

## श्रद्धेय अध्यक्ष महोदय,

गाउँ सभाका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, लगायत सवै राष्ट्रसेवक कर्मचारीहरु, विभिन्न, राजनीतिक दलका प्रतिनिधि ज्यूहरु लगायत सम्पूर्ण स्थानीय वासिन्दा, सञ्चारकर्मी पत्रकार ज्यूहरु सवैलाई गाउँपालिकाको आगामी आ.व. २०७६/०७७ को वजेट प्रस्तुत गर्न आयोजित यस सम्मानित सभामा हार्दिक स्वागत गर्न चाहन्छु ।

सर्वप्रथम यस पावन अवसरमा म, राष्ट्र र जनताको लागि आफ्नो जीवन सर्मपण गर्नुहुने ज्ञात अज्ञात विर शहिदहरु प्रति सम्मानका साथ हार्दिक श्रद्धान्जली अपर्ण गर्न चाहन्छु । शहिदहरुका सपना र अग्रजहरुको मार्गदर्शन वमोजिम नयाँ नेपाल निर्माणलाई सार्थक तुल्याउने यात्रामा हामी सवैलाई प्रेरणा मिल्ने अपेक्षा गर्दछु ।

मादी गाउँपालिकाको पाँचौं सभा मार्फत गाउँपालिकाको सभाबाट पारित नीति तथा कार्यक्रम अनुसारको आगामी आ.व. २०७६/०७७ को ऐतिहासिक तेस्रो वार्षिक वजेट प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएकी छु ।

मादी गाउँपालिकाको विकासको निम्ति वजेट तर्जुमाका विभिन्न चरणहरुमा सहयोग पुऱ्याउनु हुने अध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु तथा गाउँपालिका वासी दाजुभाइ, दिदीवहिनीहरु सवैमा धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

हाम्रो गाउँपालिका भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका दृष्टिले अत्यन्त प्रवल सम्भावना भएको पालिका भएर पनि द्रुत विकासको लागि हाम्रा सामू केही चुनौतिहरु विद्यमान छन् । विकासको क्रममा पछाडि परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिबृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्वारा रोजगारी विस्तार गर्ने, कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकीकरण गर्ने, सुशासन प्रर्वद्धन गरी सेवा प्रवाहमा प्रभावकारिता कायम गर्ने, पर्यटन विकासबाट प्राप्त लाभ लिई सवै क्षेत्रसम्म पुऱ्याउने, वन जंगलको संरक्षण गर्दै वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गर्दै पालिका वासीहरुमा आफ्नै ठाउमा रही केही गर्ने वातावरण सृजना गरी अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक व्यवस्थापनलाई सुशासनमैत्री बनाई संस्थागत सुदृढीकरण गर्ने जस्ता जिम्मेवारी स्थानीय सरकारको रुपमा हाम्रो सामू रहेका छन् ।

जनताको सवैभन्दा नजिकको सरकारको रुपमा प्रत्यक्ष सरोकारका उल्लेखित विषयहरुलाई सम्वोधन गर्नका लागि गाउँपालिकाबाट घोषित लक्ष्य र उदेश्यका साथ जनतावाट प्राप्त भएको जिम्मेवारीलाई इमान्दारिता पूर्वक पूरा गर्न यस पालिकालाई "**पर्यटन, कृषि, जलस्रोत, वन र पूर्वाधार , समन्यायिक समृद्धि मादीका मुल आधार"**को दीर्घकालिन भिजन तय गरी पालिकाको विकासको समग्र योजना तथा कार्यक्रमहरु तय गर्दै कार्यन्वयन गर्दै आईरहेहको सन्र्दभमा प्रस्तुत वजेट स्थानीय सरकार संचालन ऐन, २०७४ स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ मादी गाउँपालिकाको आवधिक पञ्चवर्षीय योजना, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनहरु, दिगो विकासका लक्ष्यहरु, क्षेत्रगत राष्ट्रिय नीतिहरु तथा यस गाउँपालिकाबाट पारित नीति तथा कार्यक्रमहरु र सो सम्वद्ध नियमावली एवं कार्यविधिहरुले निर्दिष्ट गरेको योजना तर्जुमा प्रकृयाका चरणहरु अवलम्वन गरी सहभागितामूलक ढंगले वजेट तर्जुमा गरिएको छ ।

प्रस्तुत वजेट तयार गर्ने सन्दर्भमा स्थानीय राजश्व परामर्श समिति र श्रोत अनुमान तथा वजेटको सीमा निर्धारण समितिका विभिन्न मितिमा भएको निर्णय वमोजिम यस गाउँपालिकालाई आगामी आ.व.को लागि कायम हुने वजेट सीमा भित्र रही कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न **आर्थिक विधेयक, २०७६** र सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न **विनियोजन विधेयक, २०७६** पेश गरेकी छु ।

३. बजेटका सिद्धान्त तर्जुमा गर्दा मैले स्थानीय सरकारको अधिकार सुची, केन्द्र सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई ध्यान दिई तीव्र, उच्च, फराकिलो र समावेसी आर्थिक वृद्धि हुने गरी लगानी केन्द्रीत गर्न खोजेकी छु ।

४. स्थानीय जनअपेक्षा र आदरणिय सभा सदस्यहरुको विकास प्रतिको तिव्र अपेक्षाको सम्बोधन गर्न ठुलो आकारको वजेटको आवश्यकता पर्ने देखिन्छ। हामी संघियता कार्यान्वयनको प्रारम्भिक चरणमा रहेको हुँदा गाउँपालिकाले प्राप्त गर्ने स्रोत र साधन, खर्च गर्न सक्ने क्षमताका आधारमा यो वजेट तर्जुमा गरेकी छु।

५. गाउँपालिकाको आर्थिक विकासका लागि कानुन तर्जुमा, भौतिक संरचनाको निर्माण र व्यवस्थापन, आन्तरीक स्रोतको परिचालन, उत्पादन र उत्पादकत्व वृद्धि, आयोजनाको प्रथामिकिकरण र कार्यन्वयन, सार्वजानिक निर्माणमा गुणस्तरीयता र सुशासन प्रवर्द्धन वढ्दो वसाईसराई नियन्त्रण, गरिवि निवारण र रोजगारी हाम्रा प्रमुख चुनौति रहेका छन् ।

*श्रद्धेय अध्यक्ष महोदय,*

**६. प्रस्तुत आगामी आर्थिक वर्ष २०७६।०७७ को बजेटका उदेश्यहरु देहाय वमोजिम रहेका छन् :**

- आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याई जनताको जीवनस्तरमा अभिवृद्धि गर्ने
- उत्पादन मुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजना तथा कार्यक्रम संचालन गर्ने
- स्थानिय स्रोत, साधन, सीपको अधिकतम उपयोगमा जोड दिने,
- महिला, वालवालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई विकासको मुल प्रवाहमा समाहित गराउने ।
- लैङ्गिक समानता र समाजिक समावेसीकरण अभिवृद्धि गर्ने
- दिगो विकास, वातावरणिय संरक्षण, तथा सम्वर्द्धन गर्न सघाउ पुऱ्याउने,
- भाषिक तथा साँस्कृतिक पक्षको जर्गेना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने
- सन्तुलित विकास, समतामूलक विकास र समन्यायिक वितरण प्रणालीमा जोड दिने ,
- रोजगारीका अवसरहरु सृजना गरी बेरोजगारी दर घटाउने,

७. समृद्ध मादी निर्माणका लागि मादी गाउँपालिकाले अनुशरण गरको नारा "**पर्यटन, कृषि, जलस्रोत, वन र पूर्वाधार , समन्यायिक समृद्धि मादीका मुल आधार"** भन्ने नारालाई आत्मसाथ गर्दै आर्थिक वर्ष २०७६/०७७ को वजेटमा देहायका क्षेत्रमा लगानीलाई उच्च प्राथमिकता दिएकी छु ।

- भौतिक पुर्वाधार निर्माणमा गाउँपालिका केन्द्र र वडा केन्द्रहरुलाई जोड्ने रणनीतिक महत्वका सडकहरुको स्तरोन्नति गर्ने,
- गाउँपालिकाको केन्द्र भवन, वडा कार्यालय भवनहरु, सामुदायिक भवन, विद्यालय भवन लगायतका संरचनाहरु निर्माण गर्ने,
- सडक पुल तथा झोलुङ्गेपुलहरु निर्माण गर्ने,
- शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई जस्ता सामाजिक क्षेत्रमा लगानी गरी नागरिकको जीवन स्तर अभिवृद्धि गर्ने,
- कृषि क्षेत्रको अधुनिकीकरण, व्यवसायिकरण र यान्त्रीकरण तथा जग्गा चक्लावन्दी गर्ने
- पर्यटन पुर्वाधारको विकास र प्रवर्द्धन गरी मादीलाई पर्यटकीय हवको रुपमा विकास गर्ने,
- युवा आयआर्जन तथा स्वरोजगार कार्यक्रम मार्फत उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,

- उर्जाको विकास र विस्तार तथा विद्युतिकरण, जलस्रोतको विकास र सिंचाई पुर्वाधार संरचना निर्माण गर्ने,
- आय आर्जन, क्षमता विकास र सशक्तिकरणका साथ मानव संसाधनको विकास गर्ने
- परम्परागत संस्कृतिको संरक्षण तथा घरेलु तथा साना उद्योगहरुको र सहकारी क्षेत्रको विकास गर्ने,
- महिला, वालवालिका, आदीवासी जनजाति, दलित, जेष्ठ नागरिक, अपाङ्ग लगायत पछाडि पारिएका वर्गको उत्थान तथा विकासका र सामाजिक सुरक्षा कार्यक्रम संचालन गर्ने ।
- युवा क्लव तथा विभिन्न संघ सस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि एवं खेलकुद पुर्वाधार संरचनाहरुको निर्माण गर्ने ।
- फोहोर मैला व्यवस्थापन, वन तथा वातावरण संरक्षण र विपद् व्यवस्थापन गर्ने ।
- यस गाउँपालिकाबाट प्रवाह गरिने सेवा लाई मितव्ययी, प्रभावकारी, उत्तरदायी, पारदर्शी र नतिजामुखी तुल्याउनको लागि आवश्यक संरचनागत र संस्थागत व्यवस्था गर्ने ।

***श्रद्धेय अध्यक्ष महोदय,***

म आगामी आ.व.को वजेट प्रस्तुत गर्नु भन्दा अगाडि गत आ.व. २०७४/०७५ को यथार्थ आय व्यय विवरण र चालु आ.व. २०७५/०७६ संशोधित आय व्यय विवरण संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहान्छु

| आयको प्रक्षेपण | | | |
|---|---|---|---|
| शीषर्क नं. | विवरण | आ.व. २०७४/०७५ को यथार्थ | आ.व. २०७५/०७६ का संशोधित अनुमान |
| १३३११ | केन्द्र सरकार वित्तिय समानिकरण | १७७३९२००० <br> १७ करोड ७३ लाख ९२ हजार | ७१५००००० <br> ७ करोड १५ हजार |
| १३३१२ | केन्द्र सरकार शर्सत अनुदान | २१२१३७२६०.८ <br> २१ करोड २१ लाख ३७ हजार २ सय ६० र आठ पैसा | १८११९४००० <br> १८ करोड ११ लाख ९४ हजार |
| १४४११ | केन्द्र सरकार राजश्व वाँडफाँड | ० | ६५८६५००० <br> ६ करोड ५८ लाख ६५ हजार |

| | | | |
|---|---|---|---|
| १३३११ | प्रदेश सरकार वित्तिय समानिकरण | ० | ११०६९००० <br> १ करोड १० लाख ६९ हजार |
| १३३१५ | प्रदेश सरकार राजश्व बाँडफाड | ० | ३१८१६०४ <br> ३१ लाख ८१ हजार ६ सय ४ |
| १३३१२ | केन्द्र सरकार सामाजिक सुरक्षा अनुदान | ० | ७९५६८००० <br> ७करोड ९५ लाख ६८ हजार |
| १३२१२/१३३२१ | LGCDP/PLGSP, तथा अन्य कार्यक्रम | ० | १६२८००० <br> १६ लाख २८ हजार |
| १४५२९ | गत वर्षको अल्या | ९०७८५३४.३५ <br> ९० लाख ७८ हजार ५ सय ३४ रुपैयाँ र ३५ पैसा | ३१०५०५२६.८३ <br> ३ करोड १० लाख ५०हजार ५ सय २६ रुपैयाँ र ८३ पैसा |
| | आन्तरीक आय तथा रोयल्टी | ३८८२९५३ <br> ३८ लाख ८२ हजार ९ सय ५३ | ३१६९०००० <br> ३ करोड १६ लाख ९० हजार |
| | झोलुङ्गे पुल शर्सत अनुदान | ० | १२२५५००० <br> १ करोड २२ लाख ५५ हजार |
| | साझेदारी अनुदान संघ/प्रदेश/जि.स.स | ० | ० |
| | अन्य अनुदान | ० | ६२००००० <br> ६२ लाख |
| | स्थानिय पुर्वाधार विकास साझेदारी कार्य. | ० | १०९५०५०० <br> **१ करोड ९ लाख ५० हजार ५ सय** |
| | जम्मा | ४०२४९०७४८.२ <br> **४० करोड २४ लाख ९० हजार ७ सय ४८ र २० पैसा** | ५०६१५१६३०.८ <br> **५० करोड ६१ लाख ५१ हजार ६ सय ३० र ८० पैसा** |

| व्ययको विवरण | | | |
|---|---|---|---|
| क्र.स. | विवरण | आ.व. २०७४/०७५ को यथार्थ | आ.व. २०७५/०७६ का संशोधित अनुमान |
| १ | चालु खर्च | २४७५४५८५७.४ | ३२३४४६८०० |

| | | | |
|---|---|---|---|
| | | **२४ करोड ७५ लाख ४५ हजार ८ सय ५७ रुपैयाँ र पैसा ४०** | **३२ करोड ३४ लाख ४६ हजार ८ सय रुपैयाँ** |
| २ | पुँजिगत खर्च | १२८१३४५५२.७<br><br>**१२ करोड ८१ लाख ३४ हजार ५ सय ५२ रुपैयाँ र ७० पैसा** | १६४७०४८३०.८<br><br>**१६ करोड ४७ लाख ४ हजार ८ सय ३० रुपैयाँ र पैसा ८०** |
| | गरी जम्मा | ३७५६८०४१०.१<br><br>**३७ करोड ५६ लाख ८० हजार ४ सय १० रुपैयाँ र पैसा १०** | ४८८१५१६३०.८<br><br>**४८ करोड ८१ लाख ५१ हजार ६ सय ३० र पैसा ८०** |

यस गाउँपालिकालाई आगामी आ.व. २०७६/०७७ को लागि श्रोत अनुमान तथा वजेटको सीमा निर्धारण समितिबाट कायम हुन आएको शिर्षकगत आय रु ६१ करोड ३२ लाख ४४ हजार देहाय वमोजिम प्रस्तुत गरेकी छु ।

| क्र.स. | आय शीर्षकहरु | शिर्षक नं. | वजेट रु |
|---|---|---|---|
| १ | केन्द्र सरकार वित्तिय समानिकरण | १३३११ | ८२३००००० |
| २ | केन्द्र सरकार शर्सत अनुदान | १३३१२ | २०००००००० |
| ३ | केन्द्र सरकार राजश्व बाँडफाँड | १४४११ | ८०६००००० |
| ४ | प्रदेश सरकार वित्तिय समानिकरण | १३३११ | ११९२९००० |
| ५ | प्रदेश सरकार राजश्व बाँडफाड | १३३१५ | ३९१५००० |
| ६ | केन्द्र सरकार सामाजिक सुरक्षा अनुदान | १३३१२ | १०५०००००० |
| ७ | PLGSP, तथा अन्य कार्यक्रम | १३२१२/१३३२१ | २०००००० |
| ८ | गत वर्षको अल्या | १४५२९ | १८०००००० |
| ९ | आन्तरीक आय तथा रोयल्टी | | १४५००००० |
| १० | झोलुङ्गे पुल शर्सत अनुदान | | ३०००००००० |
| ११ | साझेदारी अनुदान संघ/प्रदेश/जि.स.स | | ५०००००००० |
| १२ | स्थानिय पुर्वाधार विकास साझेदारी कार्य. | | १५०००००० |
| | जम्मा आम्दानी | | ६१३२४४००० |

८. अव म क्षेत्रगत रुपमा आर्थिक वर्ष २०७६/०७७ को बजेट र कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

| क्र.स. | विषय क्षेत्रगत विवरण | पुँजिगत | चालु | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६४४०००० | १५१९८००० | २१६३८००० | ३.५२ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | सामाजिक विकास | २१६५५००० | २९१७०७००० | ३१३३६२००० | ५१.१० |
| ३ | पुर्वाधार विकास | २११०८०००० | १२०००० | २११२००००० | ३४.४४ |
| ४ | वातावरण र विपद् व्यवस्थापन | ८६०००० | २४५०००० | ३३१०००० | ०.५४ |
| ५ | शुसासन तथा संस्थागत विकास | २१४४००० | ६१५९०००० | ६३७३४००० | १०.४० |
| | जम्मा | २४२१७९००० | ३७१०६५००० | ६१३२४४००० | |
| | प्रतिशत | ३९.४० | ६०.६० | १०० | १०० |

उल्लेखित चालु आ.व.को संशोधित आय अनुमान रु ५० करोड ६१ लाख ५१ हजार रहेकोमा आगामी आ.व.मा ६१ करोड ३२ लाख ४४ हजार प्रस्ताव गरिएको छ, जुन चालु आ.व. भन्दा १७.४६ प्रतिशतले वढी हुन आउछ ।

त्यस्तै, व्ययको विवरण तर्फ चालु आ.व.को संशोधित व्यय अनुमान ४८ करोड ८१ लाख ५१ हजार रहेकोमा आगामी आ.व. २०७६/०७७ मा ६१ करोड ३२ लाख ४४ हजार प्रस्ताव गरिएको छ, जुन चालु आ.व. भन्दा २०.४० प्रतिशतले वढी हुन आउछ ।

श्रद्धेय अध्यक्ष ज्यू,

गाउँपालिका अर्न्तगत रहेका विषयगत समिति अर्न्तगतको क्षेत्रगत वाँडफाँड देहाय वमोजिम हुनेगरी प्रस्ताव गरेकी छु ।

**क. पुर्वाधार विकास** : यस समिति तर्फ तपशिल वमोजिम खर्च गर्ने गरी रु २१ करोड १२ लाख प्रस्ताव गरेकी छु । सो अर्न्तगतबाट :

- गाउँपालिका भवन, वडा कार्यालयहरुको भवन निर्माण, सामुदायिक भवन निर्माण र अन्य भवन संरचना निर्माण तथा मर्मतका लागि रु ४ करोड ७७ लाख ७० प्रस्ताव गरेकी छु ।

- विभिन्न सडकहरुको निर्माण तथा स्तरोन्नति, नयाँ ट्र्याक ओपन र गोरेटो वाटो सुधारको लागि रु २ करोड ८६ लाख ९० हजार प्रस्ताव गरेकी छु ।
- पुर्वाधार संरचनाहरुको मर्मत सम्भार कोषको लागि रु ५० लाख प्रस्ताव गरेकी छु ।
- सानातिना पुर्वाधार संरचना सुधारका लागि वडा स्तरीय कार्यक्रम वाट विनियोति रु ९ लाख ९० हजार प्रस्ताव गरिएको छ ।
- साझेदारीमा पुर्वाधारमा लगानी गर्न साझेदारी कोषको लागि रु ८० लाख प्रस्ताव गरेकी छु ।
- अन्य पुर्वाधार निर्माण तथा मर्मत सुधारको लागि रु ९६ लाख ६५ हजार प्रस्ताव गरेकी छु ।
- वस्ती विकास तथा चक्लावन्दी कार्यक्रमको लागि रु ३० लाख विनियोजन गरिएको छ ।
- सर्शत तथा हस्तान्तरीत कार्यक्रम अर्न्तगत वाट प्राप्त हुने पुर्वाधार निर्माण अनुदान सोही वमोजिम पुर्वाधार संचनाहरु निर्माणको लागि प्रश्ताव गरिएको छ ।

***श्रद्धेय अध्यक्ष महोदय,***

**ख. आर्थिक विकास : यस समिति तर्फ तपशिल वमोजिम खर्च गर्ने गरी रु २ करोड १६ लाख ३८ हजार रुपैयाँ प्रस्ताव गरेकीछु ।**

- पशु धन तथा वागवानी विकासका कार्यक्रमका लागि रु ५७ लाख ६० हजार प्रस्ताव गरेकी छु ।
- युवा स्वरोजगार कार्यक्रम विउ पुँजि कोष तथा अन्य आय आर्जन कार्यक्रमका लागि रु ५७ लाख २५ हजार प्रस्ताव गरेकी छु ।
- आय आर्जन सम्वन्धी सचेतना मुलक तालिमका लागि ५८ लाख ९० हजार प्रस्ताव गरेकी छु ।
- विभिन्न सिंचाई संरचना निर्माण सुधारका लागि रु ९ लाख ८० हजार प्रस्ताव गरेकी छु ।

***श्रद्धेय अध्यक्ष महोदय,***

**ग. सामाजिक विकासः यस समिति तर्फ तपशिल वमोजिम खर्च गर्ने गरी रु ३१ करोड ३३ लाख ६२ हजार प्रस्ताव गरेकीछु ।**

- खानेपानी तर्फ रु ३४ लाख ३५ हजार प्रस्ताव गरेकी छु । जसवाट एक घर एक धारा निर्माण तथा खानेपानी आयोजनाहरुको स्तर उन्नतीको लागि खर्च गरिने छ ।
- युवा खेलकुद तथा संस्कृति संरक्षण तर्फ रु २२ लाख ५५ हजार प्रस्ताव गरेकी छु ।
- उपाध्यक्ष संग महिला वालवालिका कार्यक्रमको रु १५ लाख समेत गरि गाउँपालिका तथा वडा कार्यालय अर्न्तगतबाट संचालन हुने क्षमता विकास तथा लक्षित कार्यक्रम तर्फ रु ८३ लाख ६५ हजार प्रस्ताव गरेकी छु ।
- गाउँपालिका मातहतमा संचालन हुने गरी एक थान एम्वुलेन्स खरिद तथा संचालन र र औषधी खरिद र स्वास्थ्य सम्वन्धी अन्य कार्यक्रम संचालनको लागि रु ४५ लाख २५ हजार प्रस्ताव गरेकी छु ।
- विद्यालय तलव अनुदान, प्र.अ. हरुको कार्यसम्पादनमा आधारीत अनुदान स्वास्थ्य संस्था तलव अनुदान र महिला स्वास्थ्य स्वंय सेविका प्रोत्साहन समेत गरी रु ५९ लाख ७० हजार प्रस्ताव गरेकी छु ।
- सर्शत तथा हस्तान्तरीत कार्यक्रम अर्न्तगत वाट प्राप्त हुने स्वास्थ्य, शिक्षा तथा भौतिक पुर्वाधार अनुदान सोही वमोजिम खर्च हुने गरी प्रश्ताव गरिएको छ ।

***श्रद्धेय अध्यक्ष महोदय,***

**घ. वन, वातावरण तथा विपद् व्यवस्थापन : यस समिति तर्फ तपशिल वमोजिम खर्च गर्ने गरी रु ३३ लाख १० हजार प्रस्ताव गरेकीछु ।**

- भु-संरक्षण तथा ग्याविन तार खरिद, वातावरण सरसफाईका लागि ८ लाख ६० हजार प्रस्ताव गरेकी छु ।
- विपद् व्यवस्थापन कोष स्थापन र विपद् सम्वन्धी अभिमुखिकरणको लागि रु २४ लाख ५० हजार प्रस्ताव गरेकी छु ।

***श्रद्धेय अध्यक्ष महोदय,***

**ङ. <u>सुशासन तथा संस्थागत विकास</u> : यस समिति तर्फ तपशिल वामोजिम खर्च गर्नेगरी रु ६ करोड ३७ लाख ३४ हजार प्रस्ताव गरेकीछु ।**

- यस अर्न्तगत गाउँपालिका र वडा कार्यालयको संस्थागत क्षमता विकासमा पुँजिगत तर्फ रु २१ लाख ४४ हजार मध्ये फर्निचर, मेशिनरी औजार, खरिदमा खर्च गरिनेछ ।
- चालु तर्फ रु ६ करोड १५ लाख ९० हजार मध्येवाट पदाधिकारी, कर्मचारी तलव भत्ता पोशाक, विभिन्न पुरस्कार सम्मान, सार्वजानिक सुनुवाई, सार्वजानिक परिक्षण, प्रभाव असर मुल्यांकन, विभिन्न कोष, परामर्श कानुन निर्माण, सुचना संचार र गाउँपालिका र वडा कार्यालय संचालन अर्न्तगतका सवै शिर्षकमा खर्च गरिने छ ।

***श्रद्धेय अध्यक्ष महोदय,***

अव म गाउँपालिकाको आ.व. २०७६/०७७ को समग्र क्षेत्रगत प्रस्तावित नीति, कार्यक्रम र बजेटको सारसंक्षेपित प्रस्तुतिका लागि अनुमति माग्दछु ।

***श्रद्धेय अध्यक्ष महोदय,***

मैले माथी प्रस्तुत गरेको क्षेत्रगत वजेट तथा कार्यक्रम कार्यन्वयनका लागि अगामी आर्थिक वर्ष २०७६/०७७ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदान रु ८ करोड २३ लाख, सामाजिक सुरक्षा सहित शर्शत अनुदान रु ३० करोड ५० लाख, राजश्व बाँडफाँटबाट प्राप्त हुने रु ८ करोड ६० लाख, प्रदेश सरकारवाट प्राप्त हुने वित्तिय समानिकरण अनुदान १ करोड १९ लाख २९ हजार, प्रदेश सरकारको राजश्व वाँडफाँडबाट प्राप्त हुने रु ३९ लाख १५ हजार, आन्तरी आय तथा रोयल्टी वाँडफाँड रकम समेत रु १ करोड ४५ लाख, स्थानीय पुर्वाधार विकास साझेदारी अनुदान १ करोड ५० लाख, संघ, प्रदेश जि.स.स. साझेदारी अनुदान रु ५ करोड, झोलुङ्गेपुल शर्शत अनुदान रु ३ करोड, २०७५।०७६ को असार मसान्त सम्म हालको अनुमानमा खर्च भई बाँकी रहने नगद मौज्दात रु १ करोड ८० लाख उपयोग गरिने छ । साथै केन्द्र सरकारबाट प्राप्त हुने समपुरक कोष विशेष अनुदान प्रदेश सरकारबाट प्राप्त हुने समपुरक कोष सर्शत अनुदान विशेष अनुदान र अन्य संघ सस्थाबाट प्राप्त हुने वजेट तथा कार्यक्रमको

सुनिश्चितता नभएको हुँदा शो प्राप्त भए पछी पौषमा हुने विशेष सभावाट स्वीकृत भई योजना वैंकको रुपमा रहेका योजना तथा कार्यक्रमहरु कार्यन्वयनमा जोड दिईने छ ।

***श्रद्धेय अध्यक्ष महोदय,***

कर सम्बन्धी प्रस्ताव आर्थिक विधेयक २०७६ यसै साथ प्रस्तुत गरेकी छु। कर सम्वन्धी प्रस्ताव २०७६ साउन १ गते बाट प्रारम्भ हुने गरी व्यवस्था मिलाएकी छु।

***श्रद्धेय अध्यक्ष महोदय,***

चालु आर्थिक वर्षको लागि प्रस्तुत भएको वजेट २०७५/०७६ मा कुल सरकारी खर्च रु ४६ करोड २ लाख ३३ हजार ६ सय ४ विनियोजन भएकोमा हाल सम्म रु ५० करोड ६१ लाख ५१ हजार ६ सय ३० संशोधित आय अनुमान र व्यय अनुमान ४८ करोड ८१ लाख ५१ हजार ६ सय ३० गरिएकोमा २०७५ असार ९ गते सम्म रु ३२ करोड ३७ लाख १३ हजार ७ सय ९८ र ६७ पैसा खर्च भएको जुन खर्च ६७ प्रतिशत हुन आउछ भने संशोधित व्यय अनुमान अनुसारको वाँकी रकम असार मसान्त सम्म खर्च हुने र खर्च नभई वाँकी रहेको रु १ करोड ८० लाख आगामी आ.व.को लागि जिम्मेवारी सारी आय विवरण मा समावेस गरिएको छ । शर्शत तथा हस्तान्तरीत कार्यक्रम तर्फ प्राप्त वजेट रकम खर्च हुन नसके संघीय संचित कोषमा फिर्ता हुने व्यवस्था रहेको छ ।
चालु आ.व. २०७५/०७६ को हाल सम्मको यथार्थ आय व्यय र आगामी आर्थिक वर्ष २०७६/०७७ को अनुमानित आय व्यय विवरणहरु, आर्थिक विधेयक र विनियोजन विधेयकमा तथा योजना गत विस्तृत विवरण वार्षिक विकास कार्यक्रम अनुसुचीहरुमा उल्लेख गरेकीछु ।

यो बजेट तर्जुमाका शिलशिलामा मार्गदर्शन गर्नुहुने श्रद्धेय अध्यक्ष ज्यू, आदरणीय सभा सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, विभिन्न राजनीतिक दलका प्रतिनिधि, लगायत सवै राष्ट्र सेवक कर्मचारी, निजी क्षेत्र, उद्योग वाणिज्य संघ, नागरिक समाज, पत्रकार, जगतबाट प्राप्त सुझाव, सहयोग र सल्लाह प्रति हार्दिक आभार प्रकट गर्दछु। यो बजेट कार्यन्वयनमा गाउँपालिका वासी सवै र कर्मचारी प्रशासन, निर्माण व्यवसायि, उपभोक्ता समिति र सरोकारवालाको सहयोग र साथ रहने अपेक्षा समेत गरेकीछु ।

***श्रद्धेय अध्यक्ष महोदय तथा यस सभाका सदस्य ज्यूहरु,***

३१. कुनै एक क्षेत्रको विकासले मात्र समग्र गाउँपालिकाको विकास हुन नसक्ने वस्तुगत यथार्थहरुलाई मनन गर्दै वजेट तयार गर्दा सवै क्षेत्रहरुलाई समेट्ने प्रयास गरिएको छ। यसवाट सवै क्षेत्रको सन्तुलित विकासमा टेवा पुग्नेछ भन्ने विश्वास लिएकी छु। गाउँपालिकालाई प्राप्त स्रोत साधनलाई अधिकतम उपयोग गर्ने गरी योजना तथा कार्यक्रमहरुमा वाँडफाँडको व्यवस्था मिलाई सोही अनुसार वजेट विनियोजन गरिएको छ। वजेटले लिएको उदेश्य प्राप्तिको लागि प्रभावकारी कार्यन्वयन एंव अनुगमन मूल्यांकन जरुरी हुन्छ, यसका साथै संस्थागत, नीतिगत, कार्यविधिगत सुधारका कार्यक्रमहरु समेत आवश्यक पर्न जान्छ। उपयुक्त वजेट कार्यन्वयनमा सदाभैं सम्पूर्ण पालिका वासी एवं संवद्ध सवै पक्षहरुवाट सहयोग, सल्लाह रचनात्मक सुझाव एवं सृजनात्मक आलोचना र पृष्ठपोषण प्राप्त हुने अपेक्षा लिएकी छु।

अन्त्यमा, प्रस्तुत वजेट तर्जुमाका विभिन्न चरणहरुमा सहभागी भई प्रत्यक्ष वा परोक्ष सहयोग पुऱ्याउनुहुने सम्पुर्ण गाउँपालिका वासीहरु एवं आम नागरिकहरुमा धन्यवाद दिन चाहान्छु। वजेट तर्जुमाको सिलसिलामा हर वखत अमूल्य सुझावका दिई सहयोग गर्नुहुने सम्पूर्ण श्रद्धेय गाउँपालिकाका अध्यक्ष ज्यू, कार्यपालिका सदस्यहरु ज्यूहरु तथा निर्वाचित पदाधिकारी ज्यूहरु, गाउँपालिका स्थित राजनैतिक दलका पदाधिकारी ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत एवं राष्ट्र सेवक कर्मचारीहरु लगायत सवै पक्षको विकासप्रतिको एकता, सम्वेदनशीलता, क्षेत्रगत सूचनाको जानकारी एंव सवै निर्वाचित पदाधिकारी वीच रहेको उच्चस्तरीय समन्वय, सहकार्य र सहभागिता हाम्रो लागि अत्यन्त महत्वपूर्ण रह्यो, यसप्रति सवैमा हार्दिक कृतज्ञता प्रकट गर्दै धन्यवाद दिन चाहन्छु। पुनः विगत वर्षबाट यस गाउँपालिकाले लिएका दीर्घकालिन नीति कार्यक्रम तथा वजेट र आगामी आ.व.को लागि प्रस्तावित नीति कार्यक्रम तथा वजेट प्रभावकारी रुपमा कार्यन्वयन हुन सकेमा मादी गाउँपालिकाको भौतिक पूर्वाधार लागयत आर्थिक, सामाजिक, साँस्कृतिक एवं मानव विकासका क्षेत्रमा सकारात्क प्रभाव पर्ने देखिएकोले यसको सफल कार्यन्वयनका लागि सम्वद्ध सवै पक्षहरुबाट सदाभैं निरन्तर सहयोगको अपेक्षा सहित प्रस्तुत वजेटको दफावार छलफलमा यस सभाबाट प्राप्त थप रचनात्मक सुझावहरुको अपेक्षा सहित, हार्दिक कृतज्ञता प्रकट गर्दै, पुनः सवैमा धन्यवाद सहित विदा हुन्छु।

धन्यवाद ।
विष्णु मायाँ आचार्य पौडेल
उपाध्यक्ष